प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

पत्र संख्याः २०७६।७७
चलानीः

(ख) चिकित्सकहरुको लागि विशेष प्रोत्साहन भत्ता :

| सि.नं. | चिकित्सकको तह वा स्तर | विशेष भत्ता जिल्लागत रुपमा (सुरु तलब स्केलको) | | | |
|---|---|---|---|---|---|
| | | सुर्खेत | दैलेख जाजरकोट, रुकुम पश्चिम र सल्यान | कालिकोट र जुम्ला | हुम्ला, डोल्पा र मुगु |
| १. | एघारौं तहका विशेषज्ञ चिकित्सक | ७५ प्रतिशत | ९० प्रतिशत | १०० प्रतिशत | १३५ प्रतिशत |
| २. | नवौं/दशौं तहका विशेषज्ञ चिकित्सक | ७५ प्रतिशत | ८० प्रतिशत | ९० प्रतिशत | १२५ प्रतिशत |
| ३. | आठौं तह | ५० प्रतिशत | ६० प्रतिशत | ७५ प्रतिशत | १०० प्रतिशत |

निजी क्लिनिक सञ्चालन वा त्यस्ता संस्थामा काम गर्ने चिकित्सकलाई यस खण्ड बमोजिमको सुविधा उपलब्ध नगराउने ।

(ग) **स्वास्थ्य विमा :** प्रदेश सरकार र प्रदेश सभा मातहत काम गर्ने कर्मचारी र निजको परिवारका सदस्यलाई नेपाल सरकारबाट सञ्चालित स्वास्थ्य विमामा आवद्ध गर्ने र स्वास्थ्य विमाको लागि आवश्यक पर्ने प्रिमियम प्रदेश सरकारले व्यहोर्ने छ ।

(घ) **प्रदेश सरकारका प्रमुख सचिव र सचिवहरुलाई प्राप्त हुने सुविधा :** नेपाल सरकारको मिति २०७६/०४/१३ को निर्णय बमोजिम प्रदेश सरकारका प्रमुख सचिव र प्रदेश मन्त्रालयका सचिवहरुलाई उपलब्ध हुने सहायक चौथो तहको शुरु तलब स्केल बराबरको सुविधामा दोहोरो नपर्ने गरी यस्तो सुविधा उपलब्ध गराउने ।

(ङ) **प्रसुति विदा सम्बन्धमा :** प्रदेश सरकार मातहत काम गर्ने अस्थायी तथा करार सेवामा कार्यरत महिला कर्मचारीलाई निजले खाईपाई आएको तलब भत्ता कट्टी नहुने गरी चालु आ.व. देखि साठी दिन प्रसुति विदा दिने ।

(च) **प्रदेश सभामा कार्यरत कर्मचारी तथा मर्यादापालको सुविधा सम्बन्धमा :** प्रदेश सभामा कार्यरत कर्मचारी र मर्यादापालकहरुले कार्यालय समय अघिपछि र विदाको दिन कामकाज गर्नुपर्ने भए विनियोजित बजेट र कार्यक्रमको सीमाभित्र रही कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम पाउने खाजा खर्चमा दोहोरो नपर्ने गरी खाजा तथा खाना खर्च वापत रकम उपलब्ध गराउने ।

**बोधार्थ तथा कार्यार्थः**
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

(विद्याप्रसाद उपाध्याय)
शाखा अधिकृत


टेलिफोन नम्वरः ☎०८३-५२१३७१,५२२५४०,५२५६३६ फ्याक्स नम्वरः ०८३-५२५६३६
ईमेलः moeap6@gmail.com Website:www.moeap.karnali.gov.np

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

पत्र संख्याः २०७६।७७
चलानीः ७९६

मिति :- २०७६/१०/२०

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री प्रदेश सभा सचिवालय,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
श्री कर्णाली प्रदेश योजना आयोग,
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

प्रस्तुत विषयमा कर्णाली प्रदेशमा कार्यरत कर्मचारीहरु/चिकित्सकहरुको सेवा सुविधा सम्बन्धमा खण्ड (घ) बमोजिमको सुविधा प्राप्त गर्ने प्रदेश सरकारका प्रमुख सचिव र सचिवहरुलाई खण्ड (क) बमोजिमको सुविधा प्राप्त नहुने गरी प्रदेश सरकार मन्त्रिपरिषद्ले मिति २०७६/०९/०८ मा तपसिल बमोजिमको निर्णय गरेको हुँदा उक्त निर्णय कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

कर्णाली प्रदेशका विभिन्न भौगोलिक क्षेत्रमा कार्यरत कर्मचारी/चिकित्सकहरुलाई आ.व. २०७६/७७ को मंसिर १ गते देखि लागू हुने गरी देहाय बमोजिमको सेवा सुविधा उपलब्ध गराउने।

**(क) कर्मचारीहरुका लागि कर्णाली प्रोत्साहन भत्ता :**

| क.सं. | जिल्ला | मासिक रकम रु |
|---|---|---|
| १. | सुर्खेत | ४,०००/- |
| २. | सल्यान, रुकुम पश्चिम, जाजरकोट र दैलेख | ६,०००/- |
| ३. | कालिकोट र जुम्ला | ८,०००/- |
| ४. | मुगु, डोल्पा र हुम्ला | १०,०००/- |



टेलिफोन नम्बरः ☎०८३-५२१३७१,५२२५४०,५२५६३६ फ्याक्स नम्बरः ०८३-५२५६३६
ईमेलः moeap6@gmail.com Website:www.moeap.karnali.gov.np

५. स्वास्थ्य सेवातर्फ आठौं तह वा सो भन्दा माथिल्लो तहका विशेषज्ञ चिकित्सकले मात्र खण्ड (ख) बमोजिमको भत्ता पाउने ।

६. खण्ड (ख) बमोजिमको सुविधा पाउने विशेषज्ञ चिकित्सक (करार तथा छात्रवृत्तिका समेत) बाहेक करार सम्झौतामा कार्यरत अन्य कर्मचारीहरुले यस्तो सुविधा नपाउने ।

७. खण्ड ख बमोजिमका सुर्खेत जिल्लामा कार्यरत एघारौं तहका विशेषज्ञ चिकित्सकहरुले यस अधिको निर्णयमा सुरु तलब स्केलको ७५ प्रतिशत रकम विशेष भत्ताको रुपमा पाउने भनिएकोमा सुरु तलब स्केलको ८० प्रतिशत पाउने ।

८. प्रदेश सरकारका प्रमुख सचिव तथा सचिवहरुले समेत खण्ड क बमोजिमको सुविधा पाउने ।

९. खण्ड (च) बमोजिम खाजा तथा खाना खर्च उपलब्ध गराउँदा सभा बसेको दिनमा मात्र कार्यालय समय अघि वा पछी उपस्थित भई कामकाज गरेको स्पष्ट देखिने गरी डिजिटल हाजिरी प्रमाणित गरी रकम उपलब्ध गराउने । यसरी खाजा तथा खाना वापतको रकम उपलब्ध गराउँदा कार्यालयको बजेट तथा कार्यक्रमबाट दोहोरो हुने गरी खर्च नगर्ने ।

१०. खण्ड ख बमोजिमको सुविधा पाउने चिकित्सकहरुले कानूनले निर्धारण गरेको वा तोकिएको कार्यालय समय अवधिभर अनिवार्य रुपमा सम्बन्धित कार्यालयमा सेवा गरेको हुनुपर्नेछ ।

११. उल्लेखित सुविधा पाउने कर्मचारी एक महिनामा ८ दिन वा सो भन्दा बढी दिन विदामा बसेमा वा काजमा खटिई गएगा निजलाई कार्यालयगा हाजिर भएको दिनको दामासाहीले उक्त सुविधा उपलब्ध गराउने ।

१२. यस सम्बन्धी अन्य विषयहरुको हकमा मिति २०७६/०९/०८ को प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम गर्ने ।

१३. उल्लिखित सुविधा वापतको खर्च लेख्दा बजेट खर्च शिर्षक नं. २११३५ (कर्मचारी प्रोत्साहन तथा पुरस्कार ) खर्च शिर्षक बाट लेख्ने । सो खर्च शिर्षकमा बजेट विनियोजन नभएको वा अपुग हुने भएमा चालु आर्थिक वर्षमा उक्त खर्च शिर्षकमा आवश्यक पर्ने बजेटको पुष्ट्याई सहित PLMBIS मा प्रविष्ट गरी सम्बन्धित मन्त्रालय मार्फत् थप बजेट माग गर्ने ।

मितिः २०७६/१२/१०

(विष्णुप्रसाद नेपाल)
सचिव

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत
प्रस्ताव दर्ता नं.: 3122
प्रस्ताव दर्ता मिति: 2076/12/10

विषय: कर्णाली प्रदेशमा कार्यरत कर्मचारी/चिकित्सकहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था, २०७६ मा संशोधन तथा थप स्पष्ट गर्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति :- २०७६/१२/१०

१. विषयको संक्षिप्त व्यहोरा :

विभिन्न मन्त्रालय तथा कार्यालयहरुले कर्मचारी तथा चिकित्सकहरुले २०७६/०८/०१ बाट पाउने गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट भएको मिति २०७६/०९/०८ मा भएको निर्णय अनुसारको सुविधाका सम्बन्धमा द्विविधा भएको भनी स्पष्टताको लागि अनुरोध भई आएकोले थप स्पष्ट गर्नुपर्ने आवश्यकता देखिएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंङ्गिक कुरा : ✖

३. प्रस्ताव पेश गर्नुको कारण र मन्त्रालयको सिफारिस :

कर्मचारी/चिकित्सकहरुले मिति २०७६/०८/०१ गतेदेखि पाउने सुविधाको सम्बन्धमा देहाय बमोजिम हुने गरी संशोधन तथा थप स्पष्ट गर्न आवश्यक देखिएको र सो सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्रीज्यूबाट मिति २०७६/१२/१० मा स्वीकृति प्राप्त भएकोले प्रदेश सरकार कार्यसम्पादन नियमावली, २०७४ को अनुसूची -१ को विषयसंख्या १७ बमोजिम यो प्रस्ताव पेश गरेको छु।

४. निर्णय हुनुपर्ने व्यहोरा :

प्रदेशमा कार्यरत कर्मचारीहरु/चिकित्सकहरुलाई आ.व. २०७६/७७ को मंसिर १ गते देखि लागू हुने गरी प्रदान गरिने सेवा सुविधाको सम्बन्धमा मिति २०७६/०९/०८ गते भएको निर्णयमा देहाय बमोजिम संशोधन तथा थप स्पष्ट गर्ने।

देहाय

१. यस्तो सुविधा प्राप्त गर्दा खण्ड (क) बमोजिमको कर्मचारीले पाउने सुविधा खण्ड (ख) बमोजिमका चिकित्सकहरुले नपाउने ।
२. स्वास्थ्य सेवा तर्फ सातौं तहसम्मका कर्मचारीले माथि खण्ड (क) बमोजिमको सुविधा पाउने ।
३. दरबन्दीमा कार्यरत स्थायी कर्मचारीले मात्र खण्ड (क) बमोजिमको सुविधा पाउने ।
४. अन्यत्र समायोजन भई प्रदेशको दरबन्दीमा कामकाजमा रहेका कर्मचारीले समेत माथि उल्लिखित सुविधा पाउने ।

सचिव

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कर्णाली प्रदेश, सुर्खेत

पत्र संङख्या :२०७६/०७७

चलानी नं: ८८७

मितिः२०७६।१२।१४

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री भूमि व्यवस्था, कृषि सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री कर्णाली प्रदेश योजना आयोग,कर्णाली प्रदेश, सुर्खेत ।
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री प्रदेश लेखा नियन्त्रकको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ।

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा कर्णाली प्रदेशमा कार्यरत कर्मचारी/चिकित्सकहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था, २०७६ मा संशोधन तथा थप स्पष्ट गर्ने सम्बन्धी प्रदेश सरकारको मन्त्रिपरिषदको मिति २०७६/१२/१० को निर्णय कार्यान्वयनको लागि निर्णयको छाया प्रति पाना-२ यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

.........................
प्रबिन सारु मगर
लेखा अधिकृत

फोन नं. :083-521371, 522540, फ्याक्स नं. :083-525636 ईमेलः moeap6@gmail.com